आज मिति २०८१/०८/१६ गते यस निस्दी गाउँपालिकाको ७२ औं  गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति : १. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य  सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

**मिति २०८१। ०८।१६ गते बसेको निस्दी गाउँपालिकाको ७२ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. माननिय उपप्रधानमन्त्री तथा अर्थमन्त्री ज्यूको यस गाउँपालिकामा हुने अनुगमन तथा भ्रमण सम्वन्धमा ।

३. गाउँपालिकाको लोगो सार्वजनिक गर्ने सम्वन्धमा ।

४. उपभोक्ता तालिम संचालन सम्वन्धमा ।

५. विविध ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८१।०८।१६ गते बसेको निस्दी गाउँपालिकाको ७२ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०८१/०८/२९ गते नेपाल सरकारका माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री श्री विष्णु पौडेल ज्यूको यस गाउँपालिका वडा नंम्वर ४ स्थित जलुकेघाट पक्की पुलको उद्धाटन ,रामपुर- जलुके-अरुङ खोला मोटर बाटोको अनुगमन तथा यस गाउँपालिकामा हुने भ्रमणको लागि आवश्यक तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयलाई निर्देशन दिईयो । साथै माननीय ज्यूको अनुगमन तथा भ्रमण गर्दा लाग्ने सम्पूर्ण खर्च विविध खर्च शिर्षक बाट भूक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको लागो सार्वजनिक गरियो । साथै यस गाउँपालिका मातहतका सम्पूर्ण सरकारी कार्यालयको लेटर हेडमा प्रयोग गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आयोजना उपभोक्ता तालिम देहाय अनुसार संचालन गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र. स | वडा नंम्वर | मिति | कैफियत |
|---|---|---|---|
| १. | १ नं वडा वाकामलाङ्ग | २०८१/०८/२१ गते | |
| २. | २ नं वडा सहलकोट | २०८१/०८/२२ गते | |
| ३. | ३ नं वडा झिरुवास | २०८१/०८/२५ गते | |
| ४. | ४ नं वडा मित्याल | २०८१/०८/२३ गते | |
| ५. | ५ नं वडा गल्धा | २०८१/०८/१९ गते | |
| ६. | ६ नं वडा अर्चले | २०८१/०८/२४ गते | |
| ७. | ७ नं वडा ज्यामिरे | २०८१/०८/२६ गते | |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) झोलुङ्गे पुलको प्राथमिकिकरण देहाय अनुसार गरियो ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

| क्र स | जिल्ला | गाउँपालिका | वडा नं | स्थान | खोलाको नाम | झो. पुको नाम | अनुमानित लम्वाइ |
|---|---|---|---|---|---|---|---|
| १ | पाल्पा | निस्दी गाउँपालिका | ७ ज्यामिरे | रानीटार | आरुङखोला | रानीटार झो.पु | १२० मि भन्दा बढी |
| २ | पाल्पा | निस्दी गाउँपालिका | ६ अर्चले | डुम्री घाट | निस्दी खोला | डुम्री घाट झो .पु | १२० मि भन्दा कम |
| ३ | पाल्पा | निस्दी गाउँपालिका | १ वाकामलाङ | दुइ घरे जाने बाटो | गुर्सी खोला | गुर्सी खोला झो. पु | १२० मि भन्दा कम |
| ४ | पाल्पा | निस्दी गाउँपालिका | ४ मित्याल | धिर्जे | आरुङखोला | धिर्जे झो. पु | १२० मि भन्दा कम |
| ५ | पाल्पा | निस्दी गाउँपालिका | ३ झिरुवास | क्याङरुङ्ग | क्याकर खोला | क्याकर खोला झो.पु | १२० मि भन्दा कम |
| ६ | पाल्पा | निस्दी गाउँपालिका | ५ गल्धा | धोमादी | धोमादी कोल्दी खोला | धोमादी कोल्दी खोला झो.पु | १२० मि भन्दा कम |

ख) निस्दी गाउँपालिका अन्तरगतका जग्गाहरुको भू- बर्गिकरण कार्य अन्तिम चरणमा रहेकोमा छुट भएका कित्ताहरु फाइल नक्सामा रहेकोले उक्त फाइल नक्साको बर्गीकरण आवाशमा गर्ने निर्णय गरियो ।

ग) यस गाउँपालिकाको २०७७ सालमा बनेको वास प्लानको अध्यावधिक गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो ।

घ) निस्दी गाउँपालिका १ वाकामलाङ्ग भोटाहामा अस्थायी प्रहरी चौकी स्थापनाको लागी सम्वन्धित वडाका वडा अध्यक्ष सहितको टिमले घर भाडाको लागी स्थलगत अनुगमन गरि पेश गर्नु भएको प्रतिवेदन अनुसार निस्दी गाउँपालिका वडा नंम्वर १ वाकामलाङ्ग भोटाहा स्थित श्री रुद्र अधिकारीको घरमा प्रहरी चौकी स्थापना गर्ने निर्णय गरियो ।

ङ) ठेक्का नं NCB/NRM/ROAD/05/2080-81( construction of firfire to darsingbas road ) को पारस विल्डर्स बाट निर्माणकार्य गरिरहेकोमा उक्त आयोजनाको हालसम्मको प्रगति र अनुगमनको आधारमा रनिङ्ग विल भूक्तानी गर्ने निर्णय गरियो ।

च) यस गाउँपालिकाको ब्याकहोलोडर चालक मन बहादुर सोती २०८१ कार्तिक महिना भरि विदामा बसेको र मंसिर १८ देखि नियमित कामकाजमा रहने प्रतिवद्दता सहितको निवेदन पेश भएकोमा विदा अवधिको तलव भत्ता भूक्तानी नगर्ने गरि काम काजमा लगाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिइयो ।